एम्नियोसेन्टेसिस (गर्भको पानीको नमुना निकाल्ने प्रक्रिया): त्यसपछि के अपेक्षा गर्ने

एम्नियोसेन्टेसिस (गर्भको पानीको नमुना निकाल्ने प्रक्रिया) को बारेमा

तपाईंको भर्खरै एम्नियोसेन्टेसिस गरिएको छ। एमनियोटिक फ्लुइडल (गर्भको पानी) ले तपाईंको शिशुलाई वरिपरिबाट घेरेको हुन्छ र यस पानीमा कोषहरू तथा अन्य तत्वहरू हुन्छन्, जसले शिशुको स्वास्थ्य अवस्थाबारे जानकारी दिन सक्छन्। तपाईंले आफ्नो चिकित्सक वा आनुवंशिक परामर्शदातासँग सल्लाह गरेबमोजिम, यो पानी थोरै मात्रामा निकालिएको छ र यसको परीक्षण गरिनेछ। परीक्षणको नतिजा उपलब्ध हुनासाथ तपाईंलाई जानकारी गराइनेछ।

परीक्षणपछि के हुन्छ?

- परीक्षणपछि तपाईंलाई पेट वा तल्लो पेट हल्का बाउँडिने वा योनिबाट हल्का रगतका थोपा देखिने हुन सक्छ। यो समस्या एक दिनभित्र ठीक हुनुपर्छ।
- परीक्षण सकिएको 15 देखि 30 मिनेटपछि तपाईं सामान्यतया घर जान सक्नुहुनेछ।
- परीक्षणपछि बाँकी रहेको दिन तपाईंले आराम गर्नुपर्छ।
- परीक्षणपछि शारीरिक व्यायाम नगर्न, भारी सामान नउठाउन वा यौनसम्पर्क नगर्न तपाईंको डाक्टरले सल्लाह दिन सक्नुहुन्छ।
- यदि तपाईंको चिकित्सकले कुनै रोक नलगाउनुभएमा, तपाईं भोलिपल्टदेखि नै आफ्ना सामान्य दैनिक कामहरूमा फर्कन सक्नुहुनेछ।

तपाईंले कहिले मद्दतका लागि सम्पर्क गर्नुपर्छ?

यदि निम्नमध्ये कुनै लक्षण देखिएमा, तुरुन्तै आफ्नो चिकित्सक वा मिडवाइफ (प्रसूति सेवामा सहयोग गर्ने स्वास्थ्यकर्मी) लाई सम्पर्क गर्नुहोस् वा तुरुन्तै स्वास्थ्य सेवा लिनुहोस्:

- सियो लगाएको ठाउँमा संक्रमण (इन्फेक्सन) का लक्षणहरू देखिएमा। यी लक्षणमा निम्न कुरा पर्न सक्छन्:
  - दुखाइ, सुन्निने, तातोपन वा रातोपन बढ्दै गएमा।
  - त्यस भागबाट राता धर्साहरू फैलिएमा।
  - त्यस ठाउँबाट पीप बगेमा।
  - 100.4 डिग्री फरेनहाइट (37 डिग्री सेल्सियस) भन्दा बढी ज्वरो आएमा
  - तपाईंको पेट वा पेल्भिस (तल्लो पेट/कम्मरको भाग) मा दुखाइ भएमा।
- प्रक्रिया गरिएको दिनमा हल्का रगतका थोपाभन्दा बढी योनिबाट रक्तश्राव भएमा।
- पेट बाउँडिने वा दुख्ने समस्या ठीक नभएमा।
- तपाईंको योनीबाट कुनै पानी वा तरल पदार्थ बगेको थाहा पाएमा।

आफ्नो स्वास्थ्यमा आउने परिवर्तनहरूलाई ध्यानपूर्वक हेर्नुहोस् र कुनै चिन्ता वा समस्या भएमा आफ्नो चिकित्सक वा मिडवाइफलाई सम्पर्क गर्न नबिर्सनुहोस्। यदि तपाईंलाई तत्काल चिकित्सा सेवा आवश्यक परेमा, सबैभन्दा नजिकको आकस्मिक विभाग मा जानुपर्छ।

THE OHIO STATE UNIVERSITY
WEXNER MEDICAL CENTER

यो स्रोत सूचनात्मक उद्देश्यका लागि मात्र हो। यदि तपाईंलाई आफ्नो हेरचाह सम्बन्धी कुनै प्रश्नहरू छन् भने आफ्नो स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्नुहोस्। थप शिक्षाको लागि, स्वास्थ्य जानकारी पुस्तकालय (Library for Health Information) लाई 614-293-3707 वा health-info@osu.edu मा सम्पर्क गर्नुहोस्।

© 2026 - जुलाई 20, 2026, The Ohio State University Wexner Medical Center

Amniocentesis: What to Expect After

About Amniocentesis

You just had an amniocentesis. Amniotic fluid surrounds your baby and has cells and other substances that can give clues about the health of your baby. A small amount of this fluid was taken out and will be tested as you discussed with your doctor or genetic counselor. You will be contacted with the results as soon as they are available.

What happens after the test?

- You may have mild cramps or vaginal spotting after the test. This should go away within a day.
- You will probably be able to go home 15 to 30 minutes after the test.
- You should take it easy for the rest of the day after your test.
- Your doctor may ask you not to do strenuous exercise, lift anything heavy, or have sex after the test.
- You should be able to return to your normal activities the next day, unless your doctor tells you not to.

When should you call for help?

Contact your doctor or midwife now or seek medical care right away if:

- You have symptoms of infection at the place where the needle went in. These may include
  - Increased pain, swelling, warmth, or redness.
  - Red streaks leading from the area.
  - Pus draining from the area.
  - A fever above 100.4 degrees F (37 degrees C)
  - You have pain in your belly or pelvis.
- You have vaginal bleeding more than just spotting on the day of the procedure.
- You have cramping that does not go away.
- You notice fluid coming from your vagina.

Watch closely for changes in your health, and be sure to contact your doctor or midwife if you have any concerns. If you need immediate medical attention, you should go to the closest emergency department.

THE OHIO STATE UNIVERSITY
WEXNER MEDICAL CENTER

This resource is for informational purposes only. Talk to your healthcare provider if you have any questions about your care. For more education, contact the Library for Health Information at 614-293-3707 or health-info@osu.edu.

© 2026 – July 20, 2026, The Ohio State University Wexner Medical Center